त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि/वागवानी (B.Sc.Ag./Hort.) स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०९/२६**

शैक्षिक वर्ष २०७९/०८० को लागि यस अध्ययन संस्थान अन्तर्गत कृषि/वागवानी (B.Sc.Ag./Hort.) विज्ञान विषय सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा हुने भर्ना तपशिल अनुसार हुने व्यहोरा सम्बन्धित सबैमा जनाकारी गरिन्छ ।

१. **मेरीट क्रमाङ्क र भर्नाको लागि निर्धारित संख्याः** मेरिट क्रमाङ्क रहेका विद्यार्थीहरुलाई तालिका १ मा भए अनुसार कोटाहरुमा भर्ना गरिनेछ ।

**तालिका नं.१ः भर्नाको लागि निर्धारित कोटा/संख्या सम्बन्धी विवरण**

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवानी | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | रामपुर | गौरादह | नेपाली सेना | जम्मा |
| **मेरिट कोटा** | २७ | २७+१* | २६ | २६+१* | १३ | **१२१** |
| **छात्रा कोटा** | | | | | | |
| खुला | १ | १ | २ | २ | १ | **७** |
| दलीत | | | | | १ | **१** |
| मुस्लीम | १ | - | - | - | - | **१** |
| **आदिवासी-जनजाती कोटा** | १ | २ | २ | १ | १ | **७** |
| **मधेसी कोटा** | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | **५** |
| दलित | - | - | - | १ | - | **१** |
| **दलित कोटा** | १ | १ | १ | १ | - | **४** |
| **अपाङ्ग कोटा** | १ | १ | १ | १ | - | **४** |
| **मुश्लीम कोटा** | १ | - | - | - | - | **१** |
| **थारु कोटा** | १ | १ | १ | १ | १ | **५** |
| **दुर्गम जिल्ला कोटा** | १ | १ | १ | - | - | **३** |
| **अन्य कोटा** | १ | १ | १ | १ | - | **४** |
| अ.सं. विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | **६०** |
| **जम्मा** | **५०** | **५०** | **५०** | **५०** | **२४** | **२२४** |
| **एनेक्स कोटा** | **५०** | **५०** | - | - | **२४**** | **१२४** |
| **स्थानिय कोटा** | **३***** | **३***** | - | - | - | - |

**स्टाफ कोटा**

| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
|---|---|---|---|---|
| सहलियत शुल्क | १ | | २ | ३ |
| पूर्ण शुल्क | १ | | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | | ४ | ६ |

*** मुश्लिम कोटामा आवश्यक संख्यामा परीक्षार्थी उतिर्ण नभएकाले रिक्त हुन आएको २ (दुई) मुश्लिम कोटालाई पक्लिहवा क्याम्पसमा १ र गौरादह क्याम्पसमा १ गरि मेरिट कोटामा समावेश गरिएको ।**

** उल्लेखित कोटा नेपाली सेना कृषि विज्ञान संस्थानको संचालन नियमावली अनुसार हुनेछ ।

*** उल्लेखित कोटामा विद्यार्थी भर्ना सम्वन्धित क्याम्पस र स्थानिय निकाय विच भएको सम्झौता अनुसार हुनेछ ।

२. **भर्ना विधि :** शैक्षिक वर्ष २०७९/०८० को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक क्याम्पस तथा संस्थानको मेरिट खुला, मेरिट आरक्षण, अध्ययन संस्थान विकास शुल्क (IDF) र Annex कोटामा विद्यार्थी भर्ना काउन्सेलिङ विधिबाट गरिनेछ । तालिका नं. १ मा तोकिएको संख्या पुरा नभएसम्म रोजेको क्याम्पसमा भर्ना हुन एकै दिनमा छनौटको

अवसर दिइनेछ। काउन्सेलिङको लागि तोकिएको मिति र समयमा उपस्थित हुन नसक्नेको हकमा अर्को काउन्सेलिङमा रिक्त रहेका कोटाहरुको लागि उपस्थित हुन सक्नेछन ।

**तालिका नं.२ : भर्ना मिति र समय**

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०७९ माघ ०२ गते | विहान १०:०० बजेभित्र | १०:३० बजेदेखि | मेरिट नं. ००१ देखि १५० |
| २०७९ माघ ०३ गते | विहान १०:०० बजेभित्र | १०:३० बजेदेखि | मेरिट नं. १५१ देखि ३०० |
| २०७९ माघ ०६ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | माघ ०३ गतेसम्मको भर्नामा रिक्त हुन आउने सिट संख्याको आधारमा मिति २०७९/१०/०४ गते भित्र सूचना गरिनेछ। |
| मिति २०७९/१०/०६ गतेको काउन्सेलिङमा पनि तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा अर्को काउन्सेलिङको लागि मिति २०७९/१०/१० गतेभित्र सूचना प्रकाशित गरिनेछ। | | | |

**३. भर्ना शुल्क र *Migration* सम्वन्धमा:** सम्पुर्ण कोटाहरुमा भर्नाको लागि भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५००१००१०४०१९००००००३" (**"IAAS Dean's Office"**, A/C no. **"04500100104019000003"**) मा रु.७,७५०।- (सात हजार सात सय पचास मात्र) जम्मा गरी सोको सक्कल भाउचर काउन्सेलिङ/भर्नाको दिनमा बुझाउनु पर्नेछ।

- IDF कोटामा भर्ना हुन IDF  कुल शुल्क रु.२,५०,००० (दुई लाख पचास हजार) मध्ये प्रथम किस्ताको रकम रु.१,५०,००० र भर्ना शुल्क रु.७,७५०।- गरि जम्मा रु.१,५७,७५० ।-(एक लाख सन्ताउन्न हजार सात सय पचास मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।
- Annex कोटामा भर्ना हुन Annex कार्यक्रम अर्न्तगत लाग्ने कुल शुल्क रु.३,००,०००।-(तिन लाख) र भर्ना शुल्क रु.७,७५०।- गरि जम्मा रु.३,०७,७५०।-(तिन लाख सात हजार सात सय पचास मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ।

पहिलो काउन्सेलिङको भर्नाको दिनमा Migration Certificate, IDF शुल्क र Annex शुल्क बुझाउन नसकेकाको हकमा मिति २०७९/१०/०५ गते ३ बजेभित्र बुझाउनु पर्नेछ। दोस्रो काउन्सेलिङ (मिति २०७९/१०/०६)मा भर्ना हुनेले पनी मिति २०७९/१०/०९ गते ३ बजे सम्म तोकिएको कागजात र शुल्क वुझाउनु पर्नेछ। तोकिएको समयमा कागजात र शुल्क नबुझाएमा उक्त कोटाहरु रिक्त हुनका साथै भर्नाको लागि बुझाएको रकम फिर्ता हुने छैन।

**४. स्टाफ कोटा र स्थानिय कोटा (लमजुङ्ग र पक्लिहवामा मात्र) भर्ना :** उल्लेखित कोटाको लागि मिति २०७९/१०/०६ गते देखि मिति २०७९/१०/१० गतेसम्म अध्ययन संस्थानले तोकेको ढाँचामा फाराम भरी कार्यलय समयभित्र बुझाउनु पर्नेछ। स्टाफ कोटा र स्थानिय कोटाको लागि भर्ना तालिका मिति २०७९/१०/१० गते पछि प्रकाशित गरिनेछ।

**५. भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**

क. रकम जम्मा गरेको बैंक भाउचर।

ख. नेपाली नागरिकताको प्रमाणपत्र।

ग. एस.एल.सी. वा एस.इ.इ. को Gradesheet।

घ. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र)। १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ।

ङ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration Card। स्थानान्तरण प्रमाणपत्र त्रि.वि. का आंगिक क्याम्पसमा वुझाइ सकेको भए सो क्याम्पसवाट स्थानान्तरण प्रमाणपत्र वुझि लिएको सक्कल पत्र।

च. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

छ. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र।

***द्रष्टव्य:*** *विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको ब्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।*

६. **रिक्त कोटामा भर्ना सम्वन्धमा :** नियमित भर्ना प्रक्रियाको समयमा कोटाहरु रिक्त भएमा (स्वेच्छिक वा तोकिएको समयमा कागजात/शुल्क नबुझाएको कारणले) उक्त कोटाहरु लमजुङ्ग क्याम्पस र पक्लिहवा क्याम्पसको हकमा स्वत Annex कोटा र रामपुर, गौरादह र नेपाली सेना कृषि विज्ञान अध्ययन संस्थानको हकमा स्वत IDF कोटा हुनेछन । उक्त रिक्त कोटाहरुमा भर्ना गर्दा कोटा रिक्त भएको दिन भन्दा पछाडीको काउन्सिलिङ्गमा सम्बन्धित क्याम्पसको Annex/IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्क भन्दा पछाडीका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन ।

८. **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क (IDF) र Annex कोटाको भर्ना सकिएपछि त्रि.वि.बाट सम्वन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको निगरानिमा मेरिट सूचीको आधारमा भर्ना प्रकृया संचालन हुनेछ । सो सम्वन्धि सूचना सम्वन्धित क्याम्पसवाटनै प्रकाशित हुनेछ । शिक्षा मन्त्रालय, नेपाल सरकारले तोकेको १०% छात्रावृति कोटा निर्धारित कोटा भित्र समावेश हुनेछ । भर्ना प्रकृयाका सबै सूचना तथा मेरिटमा भर्ना गरिएका बिद्यार्थीहरुको नामावलि अनिबार्य रुपमा एक महिना भित्रमा संबन्धन प्राप्त क्याम्पस/कलेजहरुले शैक्षिक प्रशासन, डीनको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ ।

९. भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ ।

............................
डा.किशोर चन्द्र दाहाल
सहायक डीन एंव
संयोजक भर्ना समिति